# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः८ | संख्याः २ | १८ माघ, २०८२ |
|---|---|---|


## भाग १

**कालिञ्चोक गाउँपालिका**

**नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

संवत् २०८२ सालको नीति संख्या २

## " कालिञ्चोक गाउँपालिकाको सहकारी नीति, २०८२"

१. **पृष्ठभूमिः** कालिन्चोक गाउँपालिका क्षेत्रभित्रका सहकारीहरू मार्फत सामाजिक, आर्थिक एवम् चौतर्फी विकासमा योगदान गर्न गाउँपालिकाभित्र सञ्चालनमा आएका सहकारी संस्थाहरूलाई सुशासन कायम राखी जवाफदेही बनाउन आवश्यक देखिएकोले सहकारी संस्थाहरूलाई प्रचलित सहकारी ऐन कानुन र सहकारीका आधारभूत मूल्य मान्यता र सिद्धान्तहरूको अनुसरण गर्दै गाउँपालिकाको आर्थिक विकासमा सहकारीको

भूमिकाको महत्वलाई दृष्टिगत गर्दै तीनका योगदानले गाउँपालिकाबासीहरूको उन्नतस्तरको जीवनयापन गर्न सक्षम बन्न सकुन भन्ने उद्देश्यले सङ्घीय, प्रदेश र गाउँपालिकाको सहकारी ऐन बमोजिम सहकारी संस्थाहरूको कामलाई व्यवसायिक बनाई र प्रभावकारी सिद्ध गर्न गाउँपालिकाभित्रका सहकारी संस्थाहरूको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) बमोजिम कालिन्चोक गाउँ सभाले यो नीति स्वीकृत गरी लागु गरेको छ।

२. **वर्तमान अवस्थाः** सङ्घीय तथा प्रदेश तहमा सहकारी ऐन, नियमावली जारी भएसँगै कालिन्चोक गाउँपालिकाले पनि सहकारी ऐन जारी गरी सकेको अवस्था छ। गाउँ कार्यपालिकाको बैठकद्वारा गाउँपालिकास्तरीय सहकारी समिति गठन भई क्रियाशिल हुँदै आएको छ। कालिन्चोक गाउँपालिका क्षेत्रभित्र हालसम्म ४९ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरू क्रियाशिल भएको अवस्था विद्यमान छ।

३. **अवसरः** सहकारी चेतना, उपयुक्त कार्य वातावरण, उपलब्ध समुदायमुखी संस्था, विषयगत सङ्घहरूसँगको आबद्धता, माथिल्ला तहमा नेतृत्व स्थापित, पुँजीको उपलब्धता र पहुँच, स्थानीय साधन स्रोतको अधिकता,रहेको छ।

४. **समस्या र चूनौतीहरूः** सहकारी क्षेत्रको विकास गर्न सङ्घीय तथा प्रदेशस्तरमा समेत प्रयास र पहलकदमी हुँदै नभएका होइनन्। यति मात्र नभएर गाउँपालिकामा समेत सहकारी क्षेत्रको विकासको लागि धेरै प्रयत्न भएका छन्। समय सापेक्ष सहकारीहरूको दर्ता, सञ्चालन, सेवा केन्द्र स्थापना, नियमन, अनुगमनमा एकरूपता ल्याउन अझै सकिएको छैन। वित्तीय सुशासन, स्वनियमन, वित्तीय कारोबारको सुव्यवस्था गर्नको लागि अझै धेरै काम बाँकी रहेको छ। सहकारीको उर्बर भूमि कालिन्चोकमा सहकारी विकास र प्रबर्द्धनको लागि सहकारी शिक्षालाई सही ढङ्गले

सदस्यहरू सामु पुऱ्याउन नसकेको तितो यथार्थ हामी सामु छ। यसले सहकारीको मूल मर्म र उद्देश्य नै मर्नसक्ने खतरा विद्यमान छ। ब्याजदरमा एकरूपता नुहँदा सदस्यहरूले मारमा परेको महशुस गर्न सक्ने सम्भावना नकार्न सकिने स्थिति पनि छैन। प्राय सबै सहकारीहरू आफ्नो उद्देश्य अनुरूप सञ्चालन भएका छैनन्। विषयगत सहकारीहरूलाई हेर्ने स्पष्ट दृष्टिकोणको अपुरो छ।

५. **सहकारी नीतिको आवश्यकताः** सहकारी प्रति जनताको चासो र विश्वास बढ्दै गएको छ भने सङ्घले समेत संवैधानिक रूपमै राष्ट्रिय विकासको एक मुख्य आधारको रूपमा सहकारीलाई महत्व दिएको छ। गरीबी न्यूनीकरण, उत्पादनका क्षेत्रहरूको खोजी र तीनमा सुरक्षित लगानी गर्न, उद्यमशीलताको विकास, सामाजिक उत्तरदायित्वमा सहभागिता जनाउन, कृषि, पर्यटन, व्यापार, दुध, शिक्षा, स्वास्थ्य, सञ्चार र अन्य उद्योगहरूमा सहकारीको सहभागिता गराउन, सहकारीहरूलाई सबल र सक्षम बनाउन, गाउँको आर्थिक, सामाजिक लगायतका विकासमा योगदान पुऱ्याउन, सहकारी अभियानलाई आफ्नो उद्देश्यमा पुग्न सहज पार्न, स्थानीय उत्पादनमा बृद्धि गर्न, सहकारी व्यवसायलाई सदस्य र समुदायको सेवाप्रति केन्द्रित गर्न, शुसासन, क्षमता अभिबृद्धि, विधागत सहकारीबिच नीति नियममा एकरूपता ल्याउन पर्ने जरुरी देखिँदा सहकारी क्षेत्रको विकासको लागि सहकारी नीति आवश्यकता महशुस गरिएको हो।

६. **लक्ष्य**

क. सचेत सुसंस्कृत नागरीक समाजको निर्माण गर्ने।

ख. स्वावलम्बनको विकास गर्ने।

ग. आपसी सद्भाव र सहकार्यको विकास गर्ने।

## ७. नीतिका उद्देश्यहरू

१. विधागत सहकारीहरूको सञ्चालन र सेवामा एकरूपता ल्याउने।

२. सर्वसाधारणको सहकारीमा पहुँच पुऱ्याई जीवनस्तरमा सुधार ल्याउन सहकारीको भूमिका बढाउने।

३. सहकारी क्षेत्रलाई स्वच्छ, प्रभावकारी, स्वस्थ, प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदायक संस्थाको रूपमा विकास गर्ने।

४. सहकारी क्षेत्रको प्रभावकारी नियमन, अनुगमन गर्ने।

५. सहकारीको सङ्ख्या निर्धारण गर्ने।

६. सहकारीकर्मीहरूको सहकारी सञ्चालनका मापदण्डहरू, सहकारी ऐन, नियमावली, नीति र आचारसंहिताको पालनामा जिम्मेवार बनाउने।

७. विषयगत सहकारीको दोहोरो सदस्यता खारेजीको लागि सहकारी ऐन बमोजिम कदम चाल्ने।

८. सहकारी क्षेत्रको विकास र प्रबर्द्धनको लागि नीतिगत प्रबन्ध गर्ने।

९. उद्देश्य र कार्यक्षेत्रको विश्लेषणको आधारमा सहकारीहरूलाई एकीकरण गर्न जोड दिने।

८. **प्राथमिकताका क्षेत्र :** कृषि उत्पादन, आत्मनिर्भर, स्वावलम्बी नागरीक निर्माण, विकास निर्माणमा सहकारीको परिचालन, साझेदारी र सहकार्य प्राथमिकताका क्षेत्रहरू हुनेछन।

## ९. नीतिहरू

### १. शेयर पुँजी सम्बन्धी नीतिः

क) संस्थाले जारी गर्ने कुल शेयरपुँजीको रकम संस्थाको विनियममा अनिवार्य उल्लेख गर्नुपर्नेछ।

ख) संस्था दर्ता गर्न आवेदन गर्दा कुल शेयर पुँजीको अनिवार्य उल्लेख भएको हुनुपर्नेछ।

ग) प्रस्तावित सदस्यहरूले खरीद गरेको शेयर पुँजीको नाम समावेश गरी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नुपर्नेछ।

घ) संस्था दर्ताको बेला चुक्ता शेयर पुँजीको रकम कुल शेयरको पुँजीको कम्तीमा २० प्रतिशत हुनुपर्नेछ।

ङ) साधारण सभाबाट बहुमतले विनियम संशोधन सहितको निर्णयले मात्र शेयर पुँजी बृद्धि गर्न सकिनेछ।

च) एउटा प्रारम्भिक संस्थाले अर्को प्रारम्भिक संस्थाको शेयर खरिद गर्न वा सो सँग बचत तथा ऋणको कारोबार गर्न पाउनेछैन।

### २. दर्ता सञ्चालन सम्बन्धी नीतिहरूः

१) संस्था दर्ता गर्ने आधार कुनै पनि सहकारी संस्था दर्ता गर्नको लागि देहायका आधारहरू हुनु वाञ्छनीयछ।

क. बसोबासको आधारः कुनै पनि सहकारी संस्था दर्ता गर्न चाहाने व्यक्ति कालिन्चोक गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।

ख. पेशा र पेशागत सङ्गठनको आधारः अन्यत्र स्थायी ठेगाना भएतापनि कुनै पनि पेशा गरी बस्नेको हकमा पेशागत सहकारी गठन गर्न पाउने छ।

ग. संस्थागत आधारः गाउँपालिकास्तरीय रूपमा स्थापना भई सञ्चालन भएका विषयगत सहकारीहरू न्यूनतम १० वटा एकआपसमा मिलि विषयगत सङ्घ गठन गर्न सक्नेछन्। साथै ४ वटा विषयगत सङ्घ एक आपसमा मिलि गाउँपालिकास्तरीय सहकारी सङ्घ गठन गर्न सक्नेछन्।

घ. माथि ग. मा उल्लेख भए बमोजम गठन हुने विषयगत सङ्घको मुख्य कार्य साझेदारी व्यवसाय अन्तर्गत उत्पादन, प्रशोधन, बजारीकरण, वित्तीय अभावको परिपूर्ति, नेतृत्व क्षमता विकास, संस्थागत क्षमता विकास, सहजीकरण र समन्वय गर्नु हुनेछ।

३. **संस्था एकरूपता सम्बन्धी नीतिहरू:** गाउँ क्षेत्रभित्र रहेका सबै प्रकृतिका सहकारीसंस्थाहरूले दृष्यमा एकरूपताको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्नेछ।

क) संस्थाको नाम

१. कुनै पनि संस्थाको नाम नेपाली शब्दबाट राखिनुपर्नेछ। अन्य भाषिक नाममा कुनै पनि संस्था दर्ता हुने छैन।

२. दर्ता भईसकेको नामबाट अर्को संस्था दर्ता गरिने छैन।

ख) संस्थाको लोगो

१. संस्थाको प्रकृति अनुसार लोगोको ढाँचा तयार गर्नुपर्नेछ।

२. लोगो कालिन्चोक गाउँपालिकाको लोगोको पृष्ठभूमिमा अभियानको साङ्केतिक स्वरूप भएको संस्थाको लोगो बन्नेछ। आफ्नो विशिष्ट पहिचानलाई लोगो भित्र समावेश गर्न पाइनेछ।

ग) लेटरप्याड, रङ्ग र साइनबोर्ड

१) A4 साइजमा संस्थाको लेटरप्याड हुनुपर्नेछ। लेटर प्याडमा संस्थाको लोगो, ऐक्यबद्धता लोगो, स्थापना मिति अङ्कित गरेको हुनुपर्नेछ।

२) लेटर प्याड सेतो पृष्ठभूमिमा हरियो र रातो रङ्ग हुनुपर्नेछ।

घ) साइन बोर्ड

१) साइनबोर्ड हरियो पृष्ठभूमिमा सेतो रङ्ग प्रयोग गरेको हुनुपर्नेछ।

२) साइनबोर्डको साइज साइन बोर्ड राख्ने ठाँउको प्रकृति अनुसारको बोर्डको साइज बनाउन सकिनेछ।

३) साइनबोर्डमा संस्थाको दर्ता नम्बर, स्थापना मिति आदी अङ्कित गरेको हुनुपर्नेछ।

**४. व्यवसाय दर्ता, सूचीकरण, अद्यावधिक र कार्यक्षेत्र निर्धारण, लेखापरीक्षण सम्बन्धी नीतिहरू**

क. यस गाउँपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएको कुनै पनि प्रकृतिको संस्थाले गाउँपालिकामा अनिवार्य रूपमा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ। यस बापत लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

ख. कुनै पनि संस्था गाउँपालिकाको सहकारी शाखामा सूचीकृत हुनुपर्नेछ।

ग. संस्थाले प्रत्येक आर्थिक बर्ष भित्र आफ्नो व्यवसायलाई आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र अद्यावधिक गरीसक्नुपर्नेछ।

घ. गाउँपालिका क्षेत्रभित्र केन्द्रिय कार्यालय रहेको तर कार्यक्षेत्र गाउँबाहिर समेत भएको संस्थाले नियमित रूपमा आफ्ना प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र अनिवार्य रूपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

ङ. कार्यक्षेत्र बाहिर केन्द्रिय कार्यालय भएतापनि गाउँको कुनै वडामा सेवा केन्द्र सञ्चालन गर्न परेमा त्यस्ता संस्थाले गाउँपालिकाबाट स्विकृत लिनु पर्नेछ। यसरी स्विकृत लिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

च. संस्थाको साधारण सभाले लेखापरीक्षक र निजको पारिश्रमिक निर्धारण गर्नुपर्नेछ।

छ. गाउँपालिकाले अन्तिम लेखापरीक्षणको लागि रजिष्टर्ड लेखापरीक्षकलाई सूचीकृत हुन सार्वजनिक सूचना गर्नेछ।

ज. सूचीकृत प्रचलित कानुनले योग्य ठहर्‍याएको लेखापरीक्षकमध्येका लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

झ. संस्थाको साधारण सभाले निर्णय नगरेको अवस्थामा समेत सूचीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु परेमा गाउँपालिका सहकारी शाखाको सहमति लिनुपर्नेछ।

ञ. नेपाल सरकारबाट अनुमति प्राप्त रजिष्टर्ड लेखापरीक्षकहरू मध्येबाट कुनै संस्थाको साधारण सभाले लेखापरीक्षक नियुक्तिको लागि किटानी निर्णय गरेमा सो को जानकारी गराई लेखापरीक्षण गराउन बाधा पर्नेछैन।

## ५. सदस्यता सम्बन्धी नीति

क) कुनै पनि व्यक्तिले एउटै प्रकृतिको संस्थाको सदस्यता एक भन्दा बढी संस्थामा लिन पाउने छैन।

ख) संस्थाको सदस्यता दिइसकेपछि सहकारी शिक्षा सम्बन्धमा आफ्ना सदस्यलाई अनिवार्य रूपमा अभिमुखीकरण गर्नुपर्नेछ।

ग) संस्थाले गरीब, महिला  अपाङ्ग, सीमान्तकृत, भूमिहिन, पिछडिएका बर्गका सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउने गतिविधिहरू तत्परताका साथ सञ्चालन गर्नुपर्नेछ।

घ) सहकारीले आफना सदस्यहरूलाई अनिवार्य रूपमा स्वास्थ्य बीमा गर्न सहजीकरण र अगुवाई गर्नुपर्नेछ।

ङ) कुनै पनि व्यक्तिको स्थायी ठेगाना जहाँ भएपनि कार्यरत संस्था रहेको कार्यक्षेत्रमा रहेको जुनसुकै एक विषयगत सहकारीको सदस्य बन्न वाधा पर्नेछैन ।

## ६. शुल्क, छुट र सुविधा सम्बन्धी नीति

सहकारी संस्थाको एकरूपता वासलात वर्गिकरणका आधारमा

क. १ करोडसम्मको लागि ५००

ख. १ करोड १ देखि ५ करोड सम्म १००

ग. ५ करोड १ देखि १० करोड सम्म १५००

घ. १० करोड १ देखि २५ करोडसम्म २०००

ङ. २५ करोड १ देखि माथि ३०००

च. सेवाकेन्द्र सञ्चालन भएका संस्थालाई बार्षिक ५ हजार

छ. विशुद्ध समुदायमा आधारित महिला, अपाङ्ग, कृषि, दुग्ध सहकारीलाई बार्षिक अद्यावधिक शुल्कमा ५० प्रतिशत छुट दिइने तर त्यस्तो छुट पाउन न्यूनतम १०० जना सदस्य हुनु वाञ्छनीय हुनेछ।

**७. सञ्चालक र लेखा समितिको गठन सम्बन्धी नीति**

क) एकासगोलबाट एक भन्दा बढी व्यक्ति एकै संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

ख) कुनै पनि संस्थाले सचिवालय गठन गर्न पाउने छैन। तर पदाधिकारीको संरचना बनाउन यसले बाधा पुऱ्याएको मानिने छैन।

ग) कुनै पनि संस्थाको सञ्चालक कार्यकारी पदमा रहन पाउने छैन।

घ) कुनै पनि संस्थाको सञ्चालकको एकासगोलको परिवारको सदस्य उक्त संस्थाको प्रमुख कर्मचारी हुन पाउने छैन।

ङ) कुनै पनि राजनीतिक दलको कुनै तहको पदाधिकारी कुनै पनि सहकारी संस्थामा पदाधिकारीको उम्मेदवार बन्न पाउने छैन।

च) कुनै पनि तहको जनप्रतिनिधि, राज्यकोषबाट तलब खाने कर्मचारी, शिक्षक कुनै पनि संस्थाको सञ्चालक हुन पाउने छैनन्।

छ) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्न बुझाउन पर्ने अन्य रकम नबुझाएसम्म र कुनै पनि वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका व्यक्ति सञ्चालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन।

ज) सञ्चालक समितिका कुनै पनि पदाधिकारीले आफुले लिने ऋण आफै स्विकृत गर्न पाउनेछैन।

झ) सञ्चालक समिति वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सूचीमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको र आफु सोही प्रकृतिको अन्य संस्थाको सञ्चालक वा लेखा समितिको पदाधिकारी नरहेको भनि मनोनयन पत्रमा उल्लेख गर्नुपर्नेछ।

## ८. बचत सङ्कलन, ऋण लगानी, ब्याजदर सम्बन्धी नीति

क. कुनै पनि संस्थाको सदस्यले अनिवार्य रूपमा संस्थाले तोकेको न्यूनतम बचत नियमित रूपमा गर्नुपर्नेछ।

ख. संस्थाले कर्जा र निक्षेपको ब्याजदर निर्धारण गर्दा विभेदकारी ब्यवस्था र व्यवहार गर्न पाउनेछैन। लिनेदिने ब्याजदरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुगेमा उक्त पुगेको रकम सञ्चालकहरूबाट असुल उपर गर्नुपर्नेछ।

ग. निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रूपमा सञ्चालक समितिबाट निर्णय गराइ लागु गर्नुपर्नेछ।

घ. कर्जामा समदर तथा चक्रबृद्धि ब्याज लगाउन पाइनेछैन।

ङ. गाउँक्षेत्रभित्रका संस्थाहरूले ब्याजदर निर्धारण गर्दा सन्दर्भ ब्याजदरलाई आधार मानि सञ्चालक समितिले निर्णय गर्नुपर्नेछ।

च. विभिन्न किसिमका बचतमा दिइने ब्याजदर संस्थाको साधारण सभाले स्वीकृत गरेको बचत नीति अनुरूप हुनुपर्नेछ।

छ. संस्थाले निर्धारण गरेको ब्याजदरको विवरण समयमै सम्बन्धित कार्यालयमा जानकारी गराउनुपर्नेछ।

ज. संस्थाले परिवर्तन गरेको ब्याजदर जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

झ. संस्थाको ऋण नीतिमा ऋण लगानीका उद्देश्य अनुरूपका ऋणका प्रकार खुलाउनु पर्नेछ।

ञ. संस्थाले आफ्ना प्रत्येक सदस्यलाई कुल पुँजीकोषको १० प्रतिशत नबढाई ऋण लगानी गर्नुपर्नेछ।

ट. एक पटक कुनै सदस्यले लिएको साँवा वा ब्याज भुक्तानी नगरेसम्म निजलाई पुनः रकम लगानी गर्न पाइनेछैन। तर ऋण लिँदा पर्याप्त सुरक्षण राखेको अवस्थामा निजको साँवा, ब्याजको किस्ताको नियमितता, उद्देश्य अनुरूपको लगानी आदिका आधारमा निजलाई पुनःथप लगानी गर्न सकिनेछ।

ठ. संस्थाको सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा व्यवस्थापकले लिएको ऋणको विवरण सहकारी शाखामा पेश गर्नुपर्नेछ।

ड. कुनै पनि संस्थाका सञ्चालकहरूलाई ऋण लगानी गर्दा सञ्चालक सङ्ख्याको ४९ प्रतिशत भन्दा बढीले ऋण लिन पाउने छैनन्।

ढ. संस्थामा कार्यरत कर्मचारीलाई व्यावसायिक ऋण प्रवाह गर्न पाइने छैन तर कर्मचारीले कर्मचारी सापटी लिन यस व्यवस्थाले बाधा पार्ने छैन।

ण. सदस्यलाई आवश्यक कागजातहरू पुऱ्याएपछि ऋण प्रवाहमा ढिलासुस्ती गर्न पाइनेछैन।

## ९. अनुगमन नियमन सम्बन्धी नीति

क. गाउँले संस्थाहरूको नियमित र आवश्यकता अनुरूप नियमन अनुगमन गर्नुपर्नेछ।

ख. संस्थाको छाता सङ्घ, विषयगत सङ्घ आदिले आवश्यकता अनुसार संस्थाको अनुगमन गर्नेछन।

## १०. आबद्धता र प्रतिवेदन

क) संस्थाले आफ्ना विषयगत सङ्घहरूमा अनिवार्य आबद्ध हुनुपर्नेछ।

ख) संस्थाले आफ्नो नियमित प्रतिवेदनहरू गाउँपालिका तथा विषयगत सङ्घहरूमा बुझाउनुपर्नेछ।

## ११. साधारण सभा सञ्चालन सम्बन्धी नीति

क. साधारण सभाको सूचना कम्तिमा १५ दिन अगाबै सदस्यहरूलाई पत्राचार गरी दिनुपर्ने, संस्थाको सूचना पार्टीमा टाँस गर्नुपर्ने र स्थानीय रेडियो तथा पत्रपत्रिकामा दिनुपर्नेछ।

ख. कुनै पनि संस्थाको साधारण सभा सम्पन्नको बैधताको लागि संस्थाका बहुमत सदस्य उपस्थित भएको हुनपर्नेछ।

ग. साधारण सभा हुने, मिति, स्थान र समय सहित साधारण सभाको एजेण्डा र आर्थिक तथा प्रगति प्रतिवेदन सहित सदस्यलाई पत्राचार गर्नुपर्नेछ।

घ. विशेष परिस्थिति बाहेक पुष मसान्तसम्म साधारण सभा सम्पन्न गर्नुपर्नेछ।

१२. **विधागत सहकारी संस्था सम्बन्धी थप नीतिहरू :** देहायका प्रक्तिका संस्थाहरूमा देहाय बमोजिम सेवा केन्द्र हुनु वान्छनिय हुनेछ।

| संस्थाको प्रकृति | कार्यक्षेत्र | सदस्य सङ्ख्या | सेवा केन्द्र |
|---|---|---|---|
| बचत तथ ऋण | एक वडा | ५०० जना | अर्को वडामा एक चौथाई सदस्य हुनुपर्ने |
| बहुउद्देश्यीय | एक वडा | ३०० जना | |
| महिला | एक वडा | १०० जना | |
| कृषि | एक वडा | ५० जना | |
| दुध | एक वडा | ५० जना | |
| फलफुल तरकारी | एक वडा | ५० जना | |

१३. **विनियम शंसोधन :** कुनै पनि संस्थाको प्रारम्भिक सभाबाट विनियम शंसोधन गर्न पाइने छैन।

१४. **सहकारी एकीकरण प्रोत्साहन नीति :** बर्षमा एक भन्दा बढी संस्था एकीकृत गर्न सफल भएका संस्थालाई देहाय अनुरूप प्रोत्साहन बापत गरिनेछ।

क) १ वटा सहकारी संस्था एकीकृत भएमा रु.१० हजार बराबरको कार्यक्रम सहयोग प्रदान गरिनेछ।

ख) २ वटा सहकारी संस्था एकीकृत भएमा रु. २५ हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ।

ग) ३ वटा सहकारी संस्था एकीकृत भएमा रु. ५० हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ।

घ) ४ वटा सहकारी संस्था एकीकृत भएमा रु.७५ हजार सहयोग प्रदान गरिनेछ।

ङ) ५ वटा वा सो भन्दा बढी सहकारी संस्था एकीकृत भएमा रु. १ लाख वरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ।

**१५. क्षेत्रगत नीतिहरू :**

१) माथि अन्यत्र उल्लेख भएको नीतिगत व्यवस्था बाहेक पनि स्वैच्छिक रूपमा सहमति लिई सहकारीहरू एक आपसमा एकीकृत हुन सक्नेछन्।

२) एउटा संस्थाको कार्यक्षेत्रमा एकै प्रकृतिको अर्को संस्थालाई कार्यक्षेत्र कायम गरिने छैन।

३) साविकमा दर्ता भई समुदायस्तरबाट सहकारी शुसासन कायम गरी सञ्चालन भई रहेका संस्था बाहेक प्रत्येक वडा वा टोल बस्तीमा उल्लेख भए देखि बाहेक एकै प्रकृतिको एक भन्दा बढी संस्था दर्ता गरिने छैन।

४) कुनै पनि संस्था माथि उल्लेखित न्यूनतम सदस्य सङ्ख्या भन्दा कम सदस्य भएमा एकीकरण अभियानमा जानुपर्नेछ।

५) कुनै पनि संस्था विभाजन हुने परिस्थिति सिर्जना भएमा ५ हजार भन्दा माथि सदस्य सङ्ख्या भएको मात्र विभाजन हुन सक्नेछ।

६) कुनै पनि संस्थाको सदस्य सङ्ख्या १०० भन्दा कम भएमा खारेजीमा पर्नेछ।

७) लगातार दुई बर्षसम्म बार्षिक साधारण सभा, अन्तिम लेखा परीक्षण, आवधिक निर्वाचन आदि समावेश भएको प्रतिवेदन नवुझाउने संस्थालाई खारेज गर्न सकिनेछ।

८) दुग्ध सहकारी संस्थाको हकमा दुग्ध सङ्कलन केन्द्र हुनुपर्नेछ।

९) दुग्ध सहकारीको अध्यक्ष र डेरी व्यवस्थापक एउटै व्यक्ति हुन पाइनेछैन।

१०) कृषि सहकारीले वर्षमा कम्तीमा २ रोपनी जग्गा भाडा वा लिजमा वा स्वामित्वमा लिई कृषि फर्म सञ्चालन गर्नुपर्नेछ।

११) कुनै पनि कृषि सहकारीले आफ्ना सदस्यहरूलाई सुपथ मुल्यमा मल, विउ, विजन, औजार, उपकरण आदि उपलब्ध गराउनु पर्नेछ। सदस्यहरूले तिनीहरूको प्रयोग गर्न वाञ्छनीय हुनेछ।

१२) कृषि सहकारीले सामुहिक खेती, कृषि औजार, बिउ बिजन, मल जस्ता बस्तुमा कम्तिमा १० लाख रुपैयाँ बरावरको बार्षिक कारोबार गरेको हुनुपर्नेछ।

१३) बहुउद्देश्यीय सहकारीले एउटा उद्देश्य मात्रको कारोबार गर्न पाउने छैन। ३० प्रतिशत भन्दा माथि एउटै उद्देश्यमा काम गरेमा उक्त संस्था एकल उद्देश्यमा रुपान्तरण हुनेछ।

१४) महिला सहकारीको हकमा महिलाको क्षमता विकास, नेतृत्व विकास जस्ता कार्यक्रमहरूमा भाग लिने गरिएको हुनुपर्नेछ।

१५) महिला सहकारीले आफ्ना सदस्यहरूको क्षमता विकास, सामाजिक चेतना र जागरण पैदा गर्ने कार्यक्रमहरू वर्षको कम्तिमा ५ वटा अनिवार्य गरेको हुनुपर्नेछ।

१६) बचत समेत सङ्कलन हुने महिला सहकारीको हकमा नियमित बचत भएको हुनुपर्नेछ।

१७) सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत महिला सहकारीले घरेलु हिंसा विरोधी गतिविधि र अभियानमा सहभागी हुनुका साथै न्याय मैत्री, समतामूलक समाजको निर्माणमा अग्रसर हुनुपर्नेछ।

१८) फलफूल तथा तरकारी सहकारीमा आबद्ध सदस्यले आफुसँग उपलब्ध भएको जग्गामा नियमित तरकारी

खेती गर्ने वा वार्षिक कम्तीमा २०० के.जी. तरकारी विक्रि गर्नुपर्नेछ।

१९) कुनै पनि फलफुल तथा तरकारी सहकारी संस्थाले वार्षिक रूपमा कम्तीमा २००० के.जी. तरकारी कारोबार गरेको हुनुपर्नेछ।

२०) दुग्ध सहकारीले कम्तीमा वार्षिक ४० हजार लिटर दुग्ध सङ्कलन गर्नुपर्नेछ। दुग्ध सङ्कलकहरूबिच वार्षिक साधारण सभा, लेखापरीक्षण तथा आवधिक निर्वाचन जस्ता कार्यहरू गर्नुपर्नेछ। ५०० हजार लिटर दुग्ध पदार्थ लगातार २ वर्ष विक्री नगरे सदस्यको बैधता कायम गर्न पूर्नविचार गरिनेछ।

१६. **साझेदारी कार्यक्रम/सहकार्यः** सहकारी संस्थाहरूलाई उत्पादन, वितरण, चेतना जागरण र विकास निर्माण जस्ता क्षेत्रमा गाउँपालिका लगायत विभिन्न सङ्घ संस्थासँग साझेदारी/सहकार्य गर्ने वातावरण बनाइनेछ। यसका लागि गाउँपालिका र सहकारी संस्थाहरूको सहभागीतामा साझेदारी प्रबर्द्धन कोष बनाउन सकिनेछ।